# गरिब तथा जेहेन्दार छात्रवृति वितरण

# कार्यविधि,२०७८

लोमन्थाङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मुस्ताङ
गण्डकी प्रदेश, नेपाल
२०७३

गाउँकार्यपालिकाबाट स्विकृत मितिः २०७८।०१।१४

**लोमन्थाङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**लोमन्थाङ, मुस्ताङ**

# लोमन्थाङ गाउँपालिकाको गरिब तथा जेहेन्दार छात्रवृति वितरण

# कार्यविधि २०७७

हिमाली जिल्ला उपल्लो मुस्ताङको भौगोलिक अवस्थिति, यहाँको धर्म सस्कृति, भोट भाषा लगायत यस क्षेत्रमा वर्तमान शैक्षिक स्थितिलाई अध्ययन गर्दा विद्यालय शिक्षामा कोही पनि वालवालिका विद्यालयको पहुँच बाहिर नरहे पनि कक्षा १० पछि अधिकांश वालवालिका सो भन्दा माथिल्लो तहमा पढ्न रुची नराख्ने, सक्षम परिवारले बाहेक अन्यले उच्च शिक्षाको लाभ लिन नसकेको स्थिति मूल्याङ्कन गरि लोमन्थाङ गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट SEE (एस.ई.ई.) उतिर्ण विद्यार्थीहरुलाई उच्च शिक्षामा पहुँच पुर्याइ दक्ष जनशक्ती उत्पादन गर्ने उध्देश्यले सो भन्दा माथिल्लो तहमा अध्ययनका लागि जेहेन्दार छात्रवृति प्रदान गर्नका लागि यस गाउँपालिकाले यो कार्यविधि स्थानिय सरकार सञ्चालन ऐन को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरि तयार एवम् स्विकृत गरि लागु गरिएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम प्रारम्भः** (१)यो कार्यविधिको नाम गरिव तथा जेहेन्दार छात्रवृति कार्यविधि २०७७ रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्विकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"छात्रवृति"** भन्नाले गाउँपालिकाको चालु बजेट विनियोजन मार्फत प्रत्येक वर्ष तोकिएको कोटामा ११ र १२ साथै सो भन्दा माथिल्लो तहमा उपलब्ध गराइने गरिव तथा जेहेन्दार छात्रवृति संझनुपर्दछ।

(ख) **"ऐन"** भन्नाले शिक्षा ऐन २०२८ सम्झनुपर्दछ।

(ग) **"पालिका"** भन्नाले लोमन्थाङ गाउँपालिका सम्झनुपर्दछ।

(घ) **"कोटा"** भन्नाले पालिकाले छात्रवृति निर्धारण गरेको सङ्ख्या संझनुपर्दछ।

(ङ) **"प्रमुख"** भन्नाले गाउँपालिकाको अध्यक्ष संझनुपर्दछ।

(च) **"प्रधानाध्यापक"** भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षक संझनुपर्दछ।

(छ) **"अपाङ्ग"** भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार संवन्धी ऐन, २०७४ को अनुसुची (दफा ३ को उपदफा १ सगं सम्वन्धित) वा संविधानको धारा ३१ को उपधारा (ग) बमोजिमको विद्यार्थी संझनुपर्दछ।

(ज) **"विद्यालय"** भन्नाले सामुदायिक विद्यालय संझनुपर्दछ।

(झ) **"गरिब"** भन्नाले आर्थिक रुपमा विपन्न तथा नेपाल सरकारले तोकेको गरिव परिवार संवन्धी मापदण्ड बमोजिमको वार्षिक आय भएको परिवार संझनुपर्दछ।

(ञ) **"जेहेन्दार"** भन्नाले लगनशिल, अनुशासित र पढाइमा उत्कृष्ट विद्यार्थी संझनुपर्दछ।

(ट) **"उच्च शिक्षा"** भन्नाले ११,१२ सहित सो भन्दा माथिल्लो तह संझनुपर्दछ।

(ठ) **"स्थानिय तह"** लोमन्थाङ गाउँपालिका सम्झनुपर्दछ।

## परिच्छेद-२

## जेहेन्दार छात्रवृति संवन्धी व्यवस्था

३. **गरिव तथा जेहेन्दार छात्रवृतिः** गरिब तथा जेहेन्दार छात्रवृति प्रदान देहायबमोजिम गरिनेछ।

(क) लोमन्थाङ गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गरि एस.ई.ई. उतिर्ण पश्चात माथिल्लो तहमा अध्ययन गर्न आर्थिक अवस्थाका कारण समस्यामा परेका गरिब तथा जेहेन्दार विद्यार्थीको लागि तोकिएको कोटामध्ये पालिकाले कक्षा ११ र १२, स्नातक, र स्नातकोत्तर तहमा प्रत्येक वर्ष र तिनै तहमा अपाङ्गता भएको विद्यार्थीलाई समेत सो छात्रवृति उपलब्ध गराइने छ।

(ख) छात्रवृति उपलब्ध गराउँदा अनिवार्य रुपमा यस पालिका अन्तर्गतको सामुदायिक विद्यालयबाट एस.ई.ई. उतिर्ण भई कक्षा ११ र १२ मा जुनसुकै विषयमा अध्ययनरत विद्यार्थीलाई प्रत्येक वर्ष प्रति विद्यार्थी वार्षिक रु. ५००००।- (अक्षरुपी पचास हजार) उपलब्ध गराउने,

(ग) स्नातक तर्फ छात्रवृति उपलब्ध गराउँदा जुनसुकै विषय अध्ययनरत विद्यार्थीको लागि प्रत्येक वर्ष तोकिएको कोटामा प्रति विद्यार्थी वार्षिक रु. ५००००।- ( अक्षरुपी रु. पचास हजारका) दरले उपलब्ध गराउने,

(घ) स्नातकोत्तर तहमा छात्रवृति उपलब्ध गराउँदा अध्ययन अवधिभर पढाइ पुरा गर्न मद्दत पुर्याउने उध्देश्यले जुनसुकै विषय अध्ययनरत विद्यार्थीलाई निश्चित कोटामा वार्षिक रु. ५००००( अक्षरुपी रु. पचास हजार) का दरले सो छात्रवृति उपलब्ध गराउने।

(ङ) यसरी छात्रवृति उपलब्ध गराउँदा अपाङगता भएका विद्यार्थीलाई प्राथामिकता आधारमा माथी उल्लेखित तिनै तहसम्म अध्ययन गर्नको लागि अन्य विद्यार्थीले प्राप्त गर्ने छात्रवृति बराबरको छात्रवृति प्रदान गर्ने।

- यो छात्रवृति प्राप्त गर्ने विद्यार्थीको हकमा अपाङ्गता प्रमाणपत्र प्राप्त व्यक्ति मात्र योग्य हुनेछ।
- आवेदकको अपाङ्गताको किसिम अनुसारको क्रम, आर्थिक अवस्था र शैक्षिक उत्कृष्टताको आधारमा विद्यालयको सिफारिसलाई आधार लिइनेछ।

(च) छात्रवृति उपलब्ध गराउँदा एकै परिवारको विद्यार्थी बिभिन्न तहमा भएकै कारण यस छात्रवृतिबाट बञ्चित गरिनेछैन। तर समान तहमा एकै स्तरको अन्य विद्यार्थीको आवेदन परेमा त्यस्तो विद्यार्थीलाई बढि प्राथामिकता दिइनेछ।

(छ) प्रत्येक वर्ष तिनै तहमा निश्चित कोटामा सो छात्रवृती उपलब्ध गराइनेछ, तोकिएको कोटामा तथा छात्रवृति रकममा थपघट गर्नुपर्ने देखिएमा गाउँकार्यपालिकाले थप निर्णय गर्न सक्नेछ,

## परिच्छेद-३

### कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई प्रदान गरिने छात्रवृति व्यवस्थापन

४. विद्यालय शिक्षाः उक्त छात्रवृति प्राप्त गर्ने विद्यार्थीले कक्षा १० सम्मको शिक्षा सम्बन्धित पालिकाको सामुदायिक विद्यालयबाट पुरा गरेको हुनुपर्नेछ।

५. विद्यार्थीको विवरणः छात्रवृति प्राप्त गर्ने विद्यार्थी अन्यत्र बसोबास गर्ने वा सोहि पालिकामा बसेको दुबै हुन सक्ने तर एस.ई.ई. संवन्धीत पालिकाको सामुदायिक विद्यालयबाट उतिर्ण गरेको हुनुपर्नेछ।

६. छनौट तथा निर्धारणः विद्यार्थी गरिब तथा जेहेन्दार रहेको प्रमाणित सोहि विद्यार्थीको स्थायी बसोबास रहेको संवन्धित वडा, विद्यार्थीले अध्ययन

गर्ने विद्यालय र उक्त विद्यालय रहेको वडा ले सिफारिस गरेको हुनुपर्नेछ।

७. शैक्षिक स्थितिः उक्त छात्रवृति प्राप्त गर्ने विद्यार्थीले उसको शैक्षिक स्थिति दर्शाउने प्रमाणपत्रको साथमा आफुले अध्ययन गर्ने विषय, परिचय पत्र र विद्यालयको सिफारिस पत्रसहित पालिकाले उपलब्ध गराएको फाराम मार्फत निवेदन दिन सक्नेछ।

८. छात्रवृति छनौट समितिले निम्न क्रमानुसारको आधार अवलम्बन गरि आवेदन उपर छानबिन गरि प्रकृया अगाडि बढाउन सक्नेछ।

गरिब- २०%

जेहेन्दार-२५%

अपाङ्ग-२५%

परिवारमा छात्रवृति प्राप्त नगरेको व्यक्तिः १जना-२५%

२जना-१५%

३जना-५%

## परिच्छेद-४
## छात्रवृति मापदण्ड

९. छात्रवृति प्राप्त गर्न आवश्यक आधारहरुः

क) छात्रवृतिको लागि आवेदन दिने आवेदक

ख) उक्त छात्रवृति प्राप्त गर्न दिने आवेदकको निवेदन

ग) छात्रवृतिको लागि आवेदन दिने आवेदक लोमन्थाङ गाउँपालिकाको सामुदायिक विद्यालयमा अध्ययन गरि एस.ई.ई. उर्तिण गरेको हुनुपर्नेछ।

घ) कक्षा ११ र १२।स्नातक।स्नातकोत्तर, तथा तिनै तह को लागि छात्रवृति प्राप्त गर्ने विद्यार्थीले आफुले पढ्ने विद्यालय।कलेजमा भर्ना भएको

रसिद, संवन्धीत विद्यालय वा कलेजको सिफारिस पत्र, एस.ई.ई. को प्रमाणपत्रको प्रतिलिपि, संवन्धीत वडाको सिफारिसपत्र (पारिवारिक वार्षिक आम्दानी सहितको सो घोषणा) र छात्रवृति पाउँ भन्ने निवेदन गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

ङ) कुनै तहको प्रथम वर्षमा एक पटक छात्रवृति प्राप्त विद्यार्थीले पुन छात्रवृति प्राप्त गर्न अघिल्लो वर्ष उर्तिण वा GPA को प्रमाणपत्र पेश गर्नुपर्नेछ।

१०. छात्रवृति उपलब्ध गराइने प्रक्रियाः

क) छात्रवृतिको लागि आवेदकबाट दफा ९ (ग) बमोजिमको कागजातहरु पेश भएको हुनुपर्नेछ।

ख) कार्यालयले छात्रवृतिको लागि आवेदकबाट पेश भएका कागजातहरु अध्ययन गरि छात्रवृति प्रदानको निर्णयको लागि दफा ११ बमोजिमको समितिसमक्ष पेश गर्नुपर्नेछ। निर्णय भएपछि सम्बन्धीत आवेदकलाई जानकारी गराई छात्रवृतिको रकम प्रदान गरिनेछ। तर कुनै सघंसस्थाबाट पूर्ण रुपमा छात्रवृति पाइसकेका व्यक्तीलाई छात्रवृति प्रदान गरिनेछैन।

११. छात्रवृति निर्णय समितिः

क) छात्रवृतिको लागि आवेदकबाट पेश भएका कागजातहरु अध्ययन गरी छात्रवृति प्रदान गर्ने निर्णयको लागि तपशिल बमोजिमको ५ सदस्यिय समिति रहनेछ।

| | |
|---|---|
| संयोजक | - गाउँपालिका अध्यक्ष |
| सदस्य | - गाउँपालिका उपाध्यक्ष |
| सदस्य | - प्रमुख प्रशासकिय अधिकृत |
| सदस्य | - सामाजिक विकास समितिको संयोजक |
| सदस्य सचिव | - शिक्षा शाखा प्रमुख |

१२. छात्रवृति रकमः

क) लोमन्थाङ गाउँपालिकाबाट कक्षा ११ र १२ तथा स्नातक र स्नातकोत्तर तहमा प्रदान गरिने छात्रवृतिको रकम अध्ययन अवधीभर १ पटकको लागि एक शैक्षिक वर्षमा प्रति विद्यार्थी अधिकतम रू.५००००। (अक्षरुपी पचास हजार मात्र) उपलब्ध गराईनेछ।

ख) यसरी प्रदान गरिने छात्रवृति प्रत्येक वर्ष निश्चित कोटा निर्धारण गरि विद्यार्थीलाई (दफा ३ (क) बमोजिम प्रदान गरिनेछ। उक्त छात्रवृतिको रकम प्राप्त गरेका विद्यार्थीहरुले अनिवार्य रुपमा सो तह पुरा गर्नुपर्नेछ। तर पुरै अवधी अध्ययन नगरी विचैमा अध्ययन छाडेको पुष्टी भएमा सो भन्दा माथिल्लो तहमा छात्रवृति उपलब्ध गराउन गाउँपालिका बाध्य हुनेछैन।

## अनुसूची एक

## विद्यार्थीले छात्रवृति आवेदन साथ अनिवार्य भर्नुपर्ने फारमको ढाँचा

१.विद्यार्थीको नामः

२. विद्यार्थीको हाल बसोबास गर्दै आएको ठेगानाः क) प्रदेश नः ख)जिल्लाः

ग)स्थानिय तहको नामः घ)वडा नः ङ)गाउँ।टोलः

३.अभिभावकको नाम थरः

क) वावुको नामथरः ख)पेशा

ग)आमाको नामथरः घ) पेशा

४. विद्यार्थी वा निजको अभिभावकको मोवाइल नम्बरः

५.यस अघि कुनै छात्रवृति पाए वा नपाएकोः

६. आवेदन दिन चाहेको कक्षाः

७. अधिल्लो कक्षाको उर्तिण प्रतिशत वा जिपिएः

८.सिम्बोल नम्बर( पुरा गरेको अघिल्लो तहको उल्लेख गर्ने) ;

९.अध्ययन गर्न चाहेको विषय वा समूहः

१०. एकाघर सगोलमा रहेको परिवारको कुनै सदस्यको पेशा, व्यवसाय वा नोकरी भए वा नभएकोः

११.गरिव परिवार परिचय पत्र भए वा नभएकोः

१२. आफुले कुन तहबाट आवेदन दिन चाहेको हो(कुनै एक कोठामा रेजा चिन्ह लगाउनुहोस)

क) कक्षा ११वा १२ ख) स्नातक(प्रथंम।दोस्रो।तेस्रो।चौथो)

ग)स्नातकोत्तर(प्रथम।दोस्रो)

१३. तपाईले आफुलाई कुन समूहमा राख्नुहुन्छ?

क)गरिब ख)जेहेन्दार

ग)अपाङ्ग घ)अन्य

१४.विद्यार्थीको परिवारको अनुमानित वार्षिक आयः

माथी उल्लेखित व्यहोरा ठिक साचौं छन् फरक परे कानुन बमोजिम सहुँला,बुझाउँला।

आवेदकको हस्ताक्षरः

हाल अध्ययनरत विद्यालय।क्याम्पसको नाम र ठेगानाः

अनुसुची दुई

स्नातकोत्तर/स्नातक/कक्षा ११ र १२ छात्रवृत्ति पाउनको लागि दिने निवेदनको ढाँचा

मिति : ..............

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय,
लोमन्थाङ, मुस्ताङ ।

विषय : स्नातकोत्तर/स्नातक/ कक्षा ११ र १२ छात्रवृत्ति पाउँ ।

प्रस्तुत विषयमा यस लोमन्थाङ गाउँपालिका अन्तर्गत वडा नं. ............ मा बस्ने श्री .......... को छोरा/छोरी वर्ष ................को म श्री ................ ले ................तह अध्ययनको लागि मेरो आर्थिक अवस्था कमजोर भई अध्ययन गर्न कठिनाई भएकोले यस कार्यालयबाट स्नातकोत्तर/स्नातक/कक्षा ११ र १२ अध्ययनको लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रम भएको भन्ने बुझिएकोले मैले सो अध्ययनको लागि आवश्यक कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु । मैले पेस गरेको विवरण ठीक साँचो छ । झुट्टा ठहरेमा प्रचलित कानुन बमोजिम सजाय भोग्न मन्जुर छु ।

१. नाम थर : ............................
२. प्रदेश : .............
३. ठेगाना : ...........................
४. सम्पर्क टेलिफोन वा मोबाइल नं. ...............................

**प्रमाणीकरण मिति : २०७८।०१।१४**

आज्ञाले,
नवराज भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**छात्रवृति प्राप्त गर्न आवश्यक कागजातहरु :**

१. निवेदन
२.एस.ई.इं. उतिर्ण गरेको विद्यालयको सिफारिस
३.सम्वन्धित वडाको सिफारिस
४.पारिवारिक वार्षिक आम्दानी सहितको स्वघोषणा पत्र
५.अघिल्लो वर्षको उतिर्ण प्रमाणपत्र वा GPA प्रमाणपत्र
६. आफु अध्ययनरत विद्यालय वा क्याम्पसको सिफारिस पत्र